# काठमाडौं विश्वविद्यालय र एस्पायर कलेज (Aspire College) बिराटनगर बीचमा भएको समझदारी पत्र

२०७९ जेठ १८

## काठमाडौं विश्वविद्यालय (पहिलो पक्ष)

काठमाडौं विश्वविद्यालय विभिन्न विषयहरुमा उत्कृष्ट गुणस्तरको शिक्षा प्रदान गर्ने एक स्वायत्त, मुनाफारहित, स्वनिर्भर एवम् नेपालको संसदले वि. सं. २०४८ मा जारी गरेको ऐन बाट स्थापित उच्च शिक्षा प्रदायक संस्था हो। नेतृत्वको निम्ति गुणस्तरीय शिक्षा प्रदान गर्ने दूरदृष्टि रहेको यस संस्थाले ज्ञान र कौशललाई "विश्वविद्यालय र समुदायको सहकार्य" भन्ने नाराका साथ देश र समाजको आवश्यकता पूरा गरी राष्ट्रको सेवा गर्ने लक्ष राख्नुका साथै ज्ञान तथा प्रविधिलाई मानव जातिको सेवामा लगाउन समर्पित विश्वस्तरीय विश्वविद्यालय बन्ने आकांक्षा राखेको छ। यस संस्थाबाट दीक्षित विद्यार्थीहरू उद्योग र समुदायको व्यापक अनुभव, अनुसन्धान क्षमता, प्राविधिक सीप, सञ्चार क्षमता, सामूहिक कार्य एवम् नेतृत्व भावना र वैश्विक अनुकुलनता जस्ता गुणहरूबाट चिनिन्छन्। यस विश्वविद्यालय अन्तर्गत सातवटा स्कूलहरू रहेका छन् : १) स्कूल अफ आर्टस्, २) स्कूल अफ एजुकेशन, ३) स्कूल अफ इन्जिनीयरिङ, ४) स्कूल अफ ल, ५) स्कूल अफ म्यानेजमेन्ट, ६) स्कूल अफ मेडिकल साइन्स, र ७) स्कूल अफ साइन्स।

## एस्पायर कलेज (Aspire College) बिराटनगर (दोस्रो पक्ष)

एस्पायर कलेज नेपाली शिक्षा क्षेत्रमा बीस वर्षभन्दा बढी अनुभव भएका व्यवसायीहरूद्वारा सञ्चालित शैक्षिक संस्था हो। ठेगाना विराटनगर म. न. पा - १ रहेको यस कलेज वि सं २०७८ साउन मा स्थापना भएको र यस कलेजको दर्ता. नं. २६६०७५/०७८/०७९ हो। विद्यार्थीहरूलाई उनीहरूको पूर्ण क्षमतामा पुग्न, उनीहरूका जीवन मूल्यहरू अभिवृध्दि गर्न थप्न र देश र विदेशमा एक योग्य नागरिकका रुपमा सामाजिक जीवन व्यतित गर्न मद्दत गर्ने मिशनको साथ यस कलेज सञ्चालित छ।

यस कलेजको भिजन राष्ट्र निर्माणको लागि व्यावसायिक रूपमा सक्षम, बौद्धिक रूपमा जीवन्त र रणनीतिक रूपमा गतिशील मानव संसाधन विकास गर्दै उच्च शिक्षाको क्षेत्रमा एक नेतृत्वदायी भुमिका निर्वाह गर्ने रहेको छ। विशेषत: रोजगारमूलक शिक्षा प्रदान गर्न प्रदेश सरकार, स्थानीय निकाय र निजी क्षेत्रको समेत साथ र सहयोगमा शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्नका लागि एस्पयार कलेजले काठमाडौं विश्वविद्यालयसंग सहकार्य गर्न चाहेको छ।

**समझदारी पत्रका उदेश्यहरू**

मुख्यरूपमा व्यावसायिक तथा प्राविधिक शिक्षाको क्षेत्रमा अत्यावश्यक जनशक्तिको रुपमा तालिम प्राप्त शिक्षक तथा प्रशिक्षक र व्यवसायिक सत्कार व्यवस्थापक उत्पादनका क्षेत्रमा सहकार्य गर्न काठमाडौं विश्वविद्यालय (पहिलो पक्ष) र एस्पायर कलेज (Aspire College) बिराटनगर (दोस्रो पक्ष) ले यस समझदारी-पत्रमा हस्ताक्षर गरेका छन् । यस समझदारी अन्तर्गत दुवै संस्थाले मुख्य रूपले तल लेखिए अनुसारका उद्येश्यहरू प्राप्त गर्ने अपेक्षा गरेका छन् ।

- विश्वविद्यालय-समुदाय साझेदारीको माध्यमबाट अत्यावश्यक जनशक्तिको उत्पादनमा योगदान गर्न ।
- काठमाडौं बिश्वविद्यालयका कार्यक्रमहरूको बिस्तारीकरणको नमुना बिकास गर्न ।
- व्यावसायिक तथा प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने संस्थाहरूको क्षमता बिकास गरी सामाजिक ससक्तिकरणमा सहयोग गर्न ।
- हस्पिटालिटी व्यवस्थापनको क्षेत्रमा आवश्यक जनशक्ति उत्पादन गरी पर्यटन क्षेत्रको बिस्तार र बिकासमा टेवा पुर्याउन ।
- विश्वविद्यालय-समुदाय साझेदारीको माध्यमबाट व्यावसायिक तथा प्राविधिक शिक्षाको क्षेत्रमा अध्ययन, अनुसन्धान र पैरवी गर्न ।

उपरोक्त उद्देश्यहरू परिपुर्तिका लागि आज मिति २०७९ जेठ १८ .......... का दिन काठमाडौं विश्वविद्यालय र एस्पायर कलेज (Aspire College) बिराटनगर बीचमा व्याचलर इन टेक्निकल एजुकेशन (बि.टेक.एड. आईटी) (Bachelor in Technical Education -Information Technology), (B Tech Ed IT) र बि. पी. एच. (Bachelor in Professional Hospitality) कार्यक्रम बिस्तारित/सहकार्यमा आधारीत कार्यक्रम (Extension & Collaborative Program) का रूपमा सन्चालनका लागि "काठमाडौं विश्वविद्यालय सम्बन्धन तथा बिस्तारित कार्यक्रम सम्बन्धी नियम २०७१" अनुरूप यो समझदारी गरिएको छ । पाँच बर्ष अवधि रहने यो समझदारीमा दुवै संस्थाहरूले पालना गर्नु पर्ने शर्तनामाहरू निम्नानुसार छन् ।

**काठमाडौं विश्वविद्यालय (पहिलो पक्ष) का जिम्मेवारीहरु**

- बि.टेक. एड. (ईन्फर्मेसन टेक्नोलोजी) तथा बि. पी. एच. कार्यक्रम सन्चालनका लागि पाठ्यक्रम निर्माण तथा परीक्षा सन्चालन सम्बन्धी आवश्यक कार्य
- कार्यक्रम सन्चालनको लागि तोकिए अनुसारका आवश्यक प्राज्ञिक तथा प्राविधिक निर्देशन, सल्लाह तथा सहयोग उपलब्ध गराउने
- कार्यक्रम सन्चालनका लागि तोकिए अनुसारका आवश्यक पुर्वाधार भए नभएको मुल्याङ्कन र सुधारका लागि सुझाव दिने
- कार्यक्रम सन्चालनमा तोकिए अनुसारका सबै सेवा सुविधाहरू उपलब्ध भए नभएको, प्रयोग गरिए नगरिएको बारे नियमित अनुगमन

ASPIRE COLLEGE BIRATNAGAR

- कार्यक्रम सन्चालनमा संलग्न दोस्रो पक्षका शिक्षक, प्रशिक्षक तथा कर्मचारीको क्षमता बिकासको लागि आवश्यकता अनुसारका बिभिन्न कार्यक्रमहरू सन्चालमा सहयोग गर्ने (यस्तो कार्यक्रम सन्चालन गर्दा लाग्ने खर्च भने दोस्रो पक्षले ब्यहोर्नु पर्नेछ ।)

**एस्पायर कलेज (Aspire College) बिराटनगर (दोस्रो पक्ष) का जिम्मेवारीहरु**

- बि.टेक. एड. (ईन्फर्मेसन टेक्नोलोजी) तथा बि. पी. एच. कार्यक्रम सन्चालनको लागि संस्थामा आवश्यकता अनुसार विभाग वा एकाइको स्थापना
- बि.टेक. एड. (ईन्फर्मेसन टेक्नोलोजी) तथा बि. पी. एच. कार्यक्रमले तोकेको पाठ्यक्रम अनुरुप शिक्षण सिकाइ कृयाकलाप सन्चालन
- सेमेष्टरको बीचमा र अन्तमा गर्नु पर्ने मुल्याङ्कन सम्बन्धी कार्यहरू विश्वसनीयताका साथ सन्चालन
- अनुसूचीमा उल्लेख गरिए बमोजिमका कार्यक्रम चलाउनका लागि आवश्यक पूर्वाधारहरु अन्तर्गत आवश्यक कक्षा कोठा, ल्याब, पुस्तकालय, र अन्य आवश्यक शैक्षिक सामाग्रीहरूको पर्याप्त ब्यवस्था गर्नु पर्ने
- अनुसूचीमा उल्लेख गरिए बमोजिमका कार्यक्रम चलाउनका लागि आवश्यक शिक्षक, प्रशिक्षक, ल्याब टेक्निसियन तथा अरू आवश्यक जनशक्तिको ब्यवस्था
- पहिलो पक्षले तोकेका अन्य भौतिक, शैक्षिक, अतिरिक्त कृयाकलाप लगायतका मापदण्डहरू अनिवार्य पुरा गर्ने
- पहिलो पक्षलाई बुझाउनु पर्ने विश्वविद्यालयले तोकेको शुल्कमा प्रति बिद्यार्थी २०% का दरले हुन आउने रकम समयमै बुझाउने
- पहिलो पक्षबाट हुने निरीक्षण, मुल्याङ्कन र निर्देशनलाई सहयोग, स्वीकार र पालना गर्ने
- पहिलो पक्षका सुझाव र निर्देशनको पालना गर्ने ( सुझाब तयार पार्ने क्रममा पहिलो पक्षले दोस्रो पक्षसँग आवश्यक छलफल गर्न सक्नेछ ।)
- दोस्रो पक्षले पहिलो पक्षलाई आवश्यक पर्ने सम्पर्क कार्यालयको लागि स्थान एवम् सुविधा उपलब्ध गराउने
- पहिलो पक्षले आवश्यक ठानेमा दोस्रो पक्षले पहिलो पक्षका लागि होस्टल, कार्यालय, क्वार्टर लगायतका पूर्वाधारहरु निर्माण गर्न सकिने गरी कम्तीमा १५ कट्ठा जग्गा कम्तीमा १५ बर्षका लागि नि:शुल्क उपलब्ध गराउनु पर्ने ।

**अन्य**

- बि.टेक. एड. (ईन्फर्मेसन टेक्नोलोजी) तथा बि. पी. एच. कार्यक्रममा भर्ना गर्न सकिने अधिकतम विद्यार्थी संख्या विश्वविद्यालयको एकेडेमिक काउन्सिलले प्रत्येक वर्ष तोके वमोजिम हुनेछ ।
- बि.टेक. एड. (ईन्फर्मेसन टेक्नोलोजी) तथा बि. पी. एच. कार्यक्रम सन्चालन बापत दोस्रो पक्षले पहिलो पक्षलाई बुझाउनु पर्ने शुल्क दुबै पक्षको सरसल्लाहमा काठमाडौं विश्वविद्यालयको कार्यकारी परिषदले तोके बमोजिम हुनेछ ।

- दुबै पक्षले बि.टेक. एड. (ईन्फर्मेसन टेक्नोलोजी) तथा वि. पी. एच. कार्यक्रमलाई सहयोग पुग्ने खालका प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी सम्मेलन, कार्यशाला, अनुसन्धान, लेखन, प्रकाशन जस्ता कृयाकलापहरू नियमित रूपमा सन्चालन गर्नेछन् ।
- कुनै एक पक्षले सम्झौता तोड्न चाहेमा छ महिना अगावै अर्को पक्षलाई सुचना दिनु पर्नेछ। अन्य कुनै व्यवस्था नभएको खण्डमा यसरी सम्झौता तोडिने अवस्थामा बिद्यार्थीहरूको पढाइ पुरा गर्ने गराउने जिम्मा दोस्रो पक्षको हुनेछ ।
- विश्वविद्यालयले कुनै कारणले यी शैक्षिक कार्यक्रम हरुको नाम पाठ्यक्रम र स्वरुप परिवर्तन गरेमा दोस्रो पक्षले त्यसलाई अनिवार्य रुपमा लागु गर्नेछ ।
- दोस्रो पक्षले "काठमाडौं विश्वविद्यालय सम्बन्धन तथा विस्तारित कार्यक्रम सम्बन्धी नियम २०७१", यो सम्झौता, तथा बि.टेक. एड. (ईन्फर्मेसन टेक्नोलोजी) र बि. पी. एच. कार्यक्रमका Norms and Standards अनुरूप सर्तहरू पुरा नगरेको खण्डमा पहिलो पक्षले यस समझदारी पत्र खारेज गरी बि.टेक. एड. (ईन्फर्मेसन टेक्नोलोजी) र बि. पी. एच. कार्यक्रम चलाउने स्वीकृति फिर्ता लिन सक्नेछ ।
- आवश्यकता अनुसार यो समझदारी पत्र नविकरण गर्न सकिनेछ ।

| | | |
|---|---|---|
| ASPIRE COLLEGE BIRATNAGAR | | |
| **बिकास अधिकारी** | **प्रा. डा. देवीप्रसाद बेडारी** | **प्रा. डा. बाल चन्द्र लुइटेल** |
| **अध्यक्ष, एस्पायर कलेज** | **डिन, स्कुल अफ म्यानेजमेन्ट** | **डिन, स्कुल अफ एजुकेशन** |
| **बिराटनगर** | **ललितपुर** | **ललितपुर** |
| **रोहबर** | **रोहबर** | **रोहबर** |
| | **रोहबर** | **रोहबर** |